# सम्झौता पत्र

लिखितम हामी तपसिलमा लेखिए बमोजिम भोटेकोशीका स्थानीय बासिन्दाहरुको प्रतिनिधित्व गर्ने भोटेकोशी जेनजी पब्लिक ईन्भेष्टमेन्ट पब्लिक लिमिटेड (प्रथम पक्ष) र भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड (दोस्रो पक्ष) आगे हामीहरु दुवै पक्षका बिच तल उल्लेखित व्यक्तित्वहरुको उपस्थिती एवम् रोहवरमा निम्न विषयमा सहमति भएकोले यो सम्झौता गरेका छौं ।

**उपस्थिती**

**प्रथम पक्षको तर्फबाट**

१. श्री फुर्पा शेर्पा, अध्यक्ष, भोटेकोशी जेन जी पब्लिक ईन्भेष्टमेन्ट पब्लिक लि.

२. श्री साङ्गे शेर्पा, सदस्य, भोटेकोशी जेन जी पब्लिक ईन्भेष्टमेन्ट पब्लिक लि. (भोटेकोशी जेन जी संयोजक)

३. श्री बिर बहादुर लामा, सदस्य, भोटेकोशी जेन जी पब्लिक ईन्भेष्टमेन्ट पब्लिक लि.

४. श्री मिङमार शेर्पा, सदस्य, भोटेकोशी जेन जी पब्लिक ईन्भेष्टमेन्ट पब्लिक लि.

**दोस्रो पक्षको तर्फबाट**

१. श्री विश्व मोहन कर्माचार्य कम्पनी सचिव, भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड

२. श्री बबिन प्रधान, सहायक महाप्रबन्धक, भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड

३. श्री प्रेम साउँद, सहायक प्रबन्धक, जनसर्म्पक, भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड

**रोहबर**

१. प्रमुख जिल्ला अधिकारी, वन्धुप्रसाद बास्तोला, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

२. प्रहरी उपरिक्षक, श्री रामेश्वर कार्की, नेपाल प्रहरी, सिन्धुपाल्चोक

३. सशस्त्र प्रहरी उपरिक्षक, श्री अच्युत कुमार मजगैंया, सशस्त्र प्रहरी बल, बनदेउ

४. उ.अ.नि. श्री सुवास कार्की, रा.अ. जिल्ला कार्यालय, सिन्धुपाल्चोक

५. सि.डि.इ. श्री शालिग्राम भण्डारी, उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालय

६. अध्यक्ष श्री पासाङ्ग नुर्पु शेर्पा भोटेकोशी गाउँपालिका

७. उपाध्यक्ष श्री दिछेन शेर्पा भोटेकोशी गाउँपालिका



Scanned with CamScanner

८. वडाअध्यक्ष श्री साङबु लामा, भोटेकोशी गा.पा वडा नम्बर १

९. वडाअध्यक्ष श्री कुमार श्रेष्ठ, भोटेकोशी गा.पा वडा नम्बर २

१०. वडाअध्यक्ष श्री निमा सोना शेर्पा, भोटेकोशी गा.पा वडा नम्बर ३

११. वडाअध्यक्ष श्री टासी शेर्पा, भोटेकोशी गा.पा वडा नम्बर ४

१२. वडाअध्यक्ष श्री दावा त्याम्बा तामाङ, भोटेकोशी गा.पा वडा नम्बर ५

१३. गाउँ कार्यपालिका सदस्य, श्री बच्चु घतानी, भोटेकोशी गाउँपालिका

**<u>सहमति भएका बुँदाहरु</u>**

१. भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड (दोस्रो पक्ष) ले आफ्नो शेयरमध्येबाट १० प्रतिशत शेयर आयोजनाको जलविद्युत् उत्पादन क्षेत्रका स्थानीय तहका प्रत्यक्ष प्रभावित स्थानीय जनता समेटी खडा भएको लगानी गर्ने पब्लिक लिमिटेड कम्पनीलाई दिने सहमति गरियो ।

दोस्रो पक्षले प्रथम पक्षलाई दिने भनेको उल्लेखित १० प्रतिशत शेयर साबिक मिति २०७१।०९।०९ को सम्झौता बमोजिमको ६ प्रतिशतमा ४ प्रतिशत बढाई जम्मा १० प्रतिशत कायम गर्ने सहमति गरियो ।

२. दोस्रो पक्षको शेयरको अंकित मुल्य रु १००। रहेको सन्दर्भमा स्थानीयको तर्फबाट लगानी गर्ने पब्लिक कम्पनीले दोस्रो पक्षमा हाल्ने शेयर सम्वन्धमा प्रथम पक्षले कर्जाको लागी बैंकमा निवेदन दिने र बैंकले दिने कर्जाको लागी दोस्रो पक्षले जमानीको ब्यवस्था गर्ने एवम् सो कर्जा आगामी १ बर्षको लाभांशबाट दोस्रो पक्षको आयोजना निर्वाध रुपमा सधै सञ्चालन भएको अवस्थामा कर्जा तथा ब्याज समेत चुक्ता हुने गरि दोस्रो पक्षले ब्यवस्था गर्ने सो लाभांशवाट फछ्र्यौट नभएमा दोस्रो पक्षले बाँकी कर्जा बराबरको रकम सकार्ने सहमति गरियो ।

पहिलो पक्षले दोस्रो पक्षको १० प्रतिशत शेयरको लागि जलविद्युत उत्पादन क्षेत्रका स्थानिय तहका प्रत्यक्ष प्रभावित स्थानीय जनतालाई पहिलो पक्षको कम्पनीको शेयरधनी बनाई सके पछि दोस्रो पक्षको १० प्रतिशत शेयरको लागि आवेदन दिने प्रक्रिया सुरु गर्ने सहमति गरियो ।

३. दोस्रो पक्षले भोटेकोशी गाउँपालिकालाई सामाजिक उत्तरदायित्व वापत दिदै आएको साविकको रकममा थप गरि बार्षिक रुपमा जम्मा रु २,५०,००,०००। (अक्षरेपी दुई करोड पचास लाख मात्र) दिने सहमती गरियो । अब उप्रान्त साविकमा बिभिन्न शीर्षकमा दिदै आएको रकम प्रथम पक्ष लगाएत कसैले पनि दावी नगर्ने सहमति समेत गरियो ।



Scanned with CamScanner

४. दोस्रो पक्षको आयोजनामा बिभिन्न पक्षहरुबाट भविष्यमा आउन सक्ने मागहरु तथा समस्याहरुको समाधानको लागी प्रथम पक्षको समेत पूर्ण साथ र सहयोग रहने सहमति गरियो ।

५ आयोजनाको पावर प्लान्ट आजैका मितिबाट सञ्चालन गर्ने सहमति गरियो । स्थानीय प्रभावितहरुलाई सहमतिको जानकारी दिई आयोजनाका कर्मचारीहरुको सुरक्षा समेत गरि शान्तिपुर्वक सञ्चालन गर्ने जिम्मेवारी प्रथम पक्षले लिने सहमति गरियो ।

**ईति सम्बत् २०८२ साल असोज महिना २६ गते रोज १ शुभम्..................**



Scanned with CamScanner